# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**अगैया, बाँके**

(लुम्बिनी प्रदेश,नेपाल)

# सामाजिक परीक्षण प्रतिवेदन
आ.ब.२०८०/०८१

**पेश गर्ने :**

**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**
**Oppressed Community Development Center**
**(OCDC-Banke)**
कोहलपुर ११, बाँके
फोन नं. : ०८१-५४०२७७
ईमेल :ocdcmidwest@gmail.com

# परिच्छेद-एक
## अध्ययनको पृष्ठभूमि, परिचय

### १. अध्ययनको पृष्ठभूमि, परिचय :

नेपालको संविधानले संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ । नेपालको राज्यशक्तिको प्रयोग यी तीन तहहरुले संविधान तथा कानून बमोजिमगर्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई नीति, कानून, मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने अधिकार दिएको छ । स्थानीय सरकार जनताको घरदैलोमा सेवा दिने निकटतम प्रशासनिक तह हो । अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हो ।

सुशासनका विभिन्न आयामहरुमध्ये जनताप्रति सरकार पक्षको जवाफदेहिता एक महत्वपूर्ण तत्व हो । जवाफदेहिताका विभिन्न संयन्त्रहरु/औजारहरुमध्ये सामाजीक परिक्षण पनि एक महत्वपूर्ण सूचक हो । गाउँपालिकाको आर्थिक वर्ष समाप्त भएपछि वर्षभरी सम्पन्न गरेका कामहरुको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गरिन्छ । यस कार्यका लागि संविधान र ऐनले स्थानीय तहहरुलाई स्पष्ट जिम्मेवारी प्रदान गरेको छ ।

नेपाल सरकारले लक्षित समुदायहरुको समग्र विकासका लागि स्थानीय तहहरुलाई अनुदान उपलब्ध गराउँदै आएको छ । यसका लागि विशेष बजेटको समेत व्यवस्था गरिएको छ । विगतका वर्षहरुको अनुपातमा स्थानीय तहको अनुदान रकम क्रमश : वृद्धि हुँदै आएको छ, जसले स्थानीय तहलाई थप जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासँग प्रत्यक्ष रुपमा नजिक रहेर सेवा प्रवाह गर्ने संस्था भएकोले स्थानीय तहसँग नागरिकहरुका इच्छा आकांक्षहरु बढ्नु स्वाभाविक हो । स्थानीय तहहरुको काम कारवाहीमा पारदर्शिता र सेवाग्राही प्रति जवाफदेहिता अभिवृद्धि गर्न नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा गरिएका कामहरुको सामाजिक उत्तरदायित्व वहन गर्नका लागि अपनाइएका विधिहरुमध्ये सामाजिक परीक्षणको मुख्य उद्देश्य भनेको राप्ती सोनारी गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्नु हो । यस कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५), स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८० को भाग-१ र २ को परिच्छेद १ र २ को दफा १४ देखि २३ यस कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्न स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) का सूचकहरुमा सामाजिक परिक्षणलाई समावेश गरेको छ । यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८० ले आर्थिक वर्ष माप्त भएको भएको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ ।

यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८० अनुसार सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कानूनले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गरिएको छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट सामाजिक उत्तरदायित्व पूरा गर्न राप्ती सोनारी गाउँपालिकालाई ठूलो टेवा पुग्ने छ । सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनमा छलफलमा उठेका सवालहरुको जवाफ पनि समेट्नुपर्ने हुन्छ ।

यस प्रतिवेदनलाई राप्ती सोनारी गाउँपालिकाको योजना तर्जूमा, सामाजिक विकास समिति, गाउँ कार्यपालिका र गाउँ सभामा पेश गरिने छ । सामाजिक परीक्षणबाट प्राप्त भएका सुझावहरुको प्रभावकारी कार्यान्वयनले सामाजिक विकासका दायित्व पूरा गर्न र गाउँपालिकाको भविष्यको रणनीति तथा योजनाहरु तयार गर्न ठोस आधार प्रदान गर्छ । यसले समग्र रुपमा राप्ती सोनारी गाउँपालिकालाई थप सुदृढ र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

**२. सामाजीक परिक्षणको उद्देश्य :** आ.व.२०८०/०८१ मा राप्ती सोनारी गाउँपालिकाले गरेको कामको समग्र सामाजिक उत्तरदायित्व परिक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारी अनुसार संचालित योजना र कार्यक्रमले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रबिन्दु हुनेछ । यस  कार्यक्रमका उद्देश्य देहाय अनुसारका रहेका छन् :

- राप्ती सोनारी गाउँपालिकाले आ.व.२०८०/०८१ मा गरेको कामको समग्र सामाजिक उत्तरदायित्व ( लेखाजोखा) गर्नुका साथै गाउँपालिकालाई प्रचलित ऐन र नियमले तोकेको सामाजिक जिम्मेवारी, गाउँपालिकाको नीति, योजना र सो अनुसार संचालित कार्यक्रम, सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु ।
- राप्ती सोनारी गाउँपालिकाको आगामी कार्यदिशा, नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न पृष्ठपोषण गर्ने ।

**३. सामाजीक परीक्षणको विधि तथा प्रक्रिया** : यस राप्ती सोनारीको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०८० को नीतिगत व्यवस्थालाई आधार मान्दै सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू अवलम्बन गरिएको थियो ।

**३.१ सन्दर्भ सामग्री अध्ययन र समीक्षा :** सेवा प्रदायक संस्था उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) का विषयविज्ञ सामाजिक परीक्षकहरुले देहाय बमोजिमका सन्दर्भ सामग्रीको अध्ययन र समीक्षा गरिएको थियो । **तपसिल :**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राप्ती सोनारी गाउँपालिकाको आ.व. २०८०/०८१ र २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम
- गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८०
- गाउँपालिकाको प्रोफायल
- लैंगिक तथा सामाजिक समावेशीकरण प्रतिवेदन
- गाउँपालिका र विषयगत शाखाको वार्षिक प्रगति प्रतिवेदन
- स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल
- गाउँपालिकाको आवधिक तथा वार्षिक योजना,
- गाउँ सभाका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन
- सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली, २०६५

– जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ ले सार्वजनिक निकायले कार्यसम्पादनबारे जनगुनासो र सन्तुष्टी सर्वेक्षणको व्यवस्था गरेको ।

**३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण :** स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि,गाउँपालिकाका कर्मचारी, विषयगत समिति संयोजक, कार्यापालिका सदस्य, स्थानीय संचारकर्मी, नागरीक समाजका प्रतिनिधि र वडाअध्यक्षज्यूहरुका लागि १ दिने अभिमुखीकरीरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम उल्लेखित क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**३.३** गाउँ**पालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन : य**स राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्यबिधि, २०८० को **भाग-१ को परिच्छेद १ को दफा १५** (१) बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकणको कार्यलाई सहजीकरण एवं सहयोग गर्न गाउँपालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था अनुसार नै समन्वय समिति गठन भएको र सोही समन्वय समितिका संयोजक तथा राप्ती सोनारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिर्कत श्री दान बहादुर ऐडीज्यूसँगको प्रत्यक्ष सम्पर्क, समन्वय, सल्लाह सुझाव र परामर्शमा सेवा प्रदायक संस्था उत्पीडित समुदायिक विकास केन्द्र, बाँकेको तर्फबाट परिचालित सामाजिक परिक्षकहरुबाट सामाजिक परिक्षणको कार्य सम्पन्न गरिएको थियो ।

**३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता :** सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले गापाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुख/जनप्रतिनिधिसँग अर्धसंरचित (Semi-Structured) अन्तरवार्ताबाट तथ्याङ्क संकलन गरिएको थियो । यस क्रममा गाउँपालिकाका पदाधिकारी, राजनीतिक दल, कार्यपालिका सदस्य, बिषयगत समिती संयोजक, बिषयगत शाखा प्रमुख लगायत संचारकर्मी तथा सेवाग्राहीसँग समेत अन्तरवार्ता गरिएको थियो ।

**३.५ समूह छलफल :** सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, केन्द्रित समुह छलफलबाट समेटिन नसकेका विषयहरूका लागि गाउँपालिका तथा विषयगत कर्मचारी तथा सेवाग्रहीको सानो समूह बनाई समूह छलफल गर्ने र सूचना संकलन तथा छलफलको निष्कर्ष समेत निकालिएको थियो ।

–**मुख्य पदाधिकारी र कर्मचारीसँग अर्न्तवार्ता :** (कृषी विकास शाखा, पशुपन्छी विकास शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, शिक्षा, युवा तथा खेलकूद विकास शाखा तथा, स्वास्थ्य शाखा, पूर्वाधार शाखा, आर्थिक प्रशासन शाखा, सामाजिक विकास शाखा, पशु सेवा शाखा र न्यायिक समिति)

–**समूह छलफल** : लाभग्राही, लक्षित समुह, उपभोक्ता समुह, समिति, निर्माण व्यवसायी तथा सेवाग्राही)

**३.६ स्थलगत अवलोकन तथा निरीक्षण :** सामाजिक परिक्षणका क्रममा गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

| क.सं | योजना को नाम | योजनाका सकारात्मक पक्ष | योजनामा सुधार गर्नुपर्ने पक्ष | कैफियत |
|---|---|---|---|---|
| क | **पूर्वाधार विकास तर्फका योजना तथा कार्यक्रम :** | | | |
| | **आयोजनाको नाम :** नन्कउपुर देखि सोनारी कृषि सडक निर्माण योजना, राप्ती सोनारी वडा नं.७,नन्कउपुर, बाँके<br>• बजेट श्रोत : प्रदेश समपुरक अनुदान<br>• संझौता कवोल अंक रु. ३१,४४,६५५।४३ (भ्याट सहित)<br>• कार्य प्रारम्भ भएको मिति: २०८०/०९/२४<br>• कार्य सम्पन्न भएको मिति: २०८१/०२/३०<br>• निर्माण कम्पनी/फर्मको नाम : श्री विल्डर्स राप्ती सोनारी ७, बाँके | • राप्ती सोनारी गाउँपालिका वडा नं.७ नन्कउपुरको ग्रामीण वस्तीलाई नेपालगंज बगौढा हुलाकी सडकसँग पहुँच स्थापीत गरेको ।<br>• योजना स्थलमा योजना सूचना पाटी रहेको छ ।<br>• ग्रामीण बस्तीमा पक्की सडक निर्माण भई स्थानीय बासीन्दाहरुलाई सहज आवागमन सुविधा पुगेको छ । | • सडकको दुबै तर्फ नाली सहित साईड प्रोटेक्टशनमा ध्यान दिनुपर्ने ।<br>• भारी लोड क्षमताका सवारी तथा ढुवानीका साधनबाट हुनसक्ने सडकको क्षतीलाई न्यूनीकरणमा ध्यान दिईनुपर्ने ।<br>• सडकको नियमित मर्मत संम्भारको नीतिगत व्यवस्था सहित कोषको व्यवस्था गरी सोही कोषबाट भत्केको सडकहरुको मर्मत संम्भार गरिनुपर्ने । | |
| | | • ग्रामीण बासीन्दाको सम्पती एवं जग्गा जमिनको मुल्यमा बृद्धि भएको छ ।<br>• नन्कउपुर गाउँ हिलो एवं धुलो मुक्त र सफा सुन्दर गाउँ भएको छ ।<br>• नन्कउपुर र सोनारी गाउँका बासीन्दाहरुको छोटो पहुँचमार्ग निर्माण हुने । | | |

| | | | | |
|---|---|---|---|---|
| | **२.आयोजनाको नाम :** बिर बहादुर पुनको घर-सिद्देश्वर पछाडि-ओमराजको घरसम्म पक्की नाली निर्माण योजना, राप्ती सोनारी वडा नं.६,मोहनपुर,बाँके<br>• बजेट श्रोत : राप्ती सोनारी गाउँपालिका<br>• संझौता कवोल अंक रु.७५०,०००।- (भ्याट समेत)<br>• कार्य प्रारम्भ भएको मितिः २०८०/०९/११<br>• कार्य सम्पन्न भएको मितिः २०८१/०२/३०<br>• निर्माण कम्पनी/फर्मको नाम : श्री मैटहवा प्रा.लि खजुरा गाउँपालिका वडा नं.१, बाँके<br>• प्रोप्राईटर/ठेकेदाको नाम र सम्पर्क नं. : सुमन मल्ल ९८५८०२४६२० | • बिर बहादुर पुनको घरदेखि सिद्देश्वर मा.वि.को पछाडि रहेको पीच बाटो सम्म एकतर्फी आ.सि.सि.पक्की नाली निर्माण भएको ।<br>• बस्तीको ढलनिकासमा आंशिक सहयोग पुगेको । | • बाटोको अर्को तर्फको अपुरो नाली रबाटोको स्तरोन्नती गर्नुपर्ने ।<br>• नालीको सुरक्षाका लागि आवश्यक स्थानमा ढक्कन निर्माण गरिनुपर्ने । | |
| | **३. आयोजनाको नाम :** जनजागृती स्कुल देखि सन्तोष चौधरीको घर हुँदै सरस्वती मा.वि.सम्म कालोपत्रे राप्ती सोनारी नं.३, बाँके<br>• संझौता कवोल अंक रु. ७५०,०००।- (भ्याट समेत)<br>• कार्य प्रारम्भ भएको मितिः २०८०/०९/११<br>• कार्य सम्पन्न भएको मितिः २०८१/०२/३०<br>• निर्माण कम्पनी/फर्मको नाम : श्री मैटहवा प्रा.लि खजुरा गाउँपालिका वडा नं.१, बाँके<br>• प्रोप्राईटर/ठेकेदाको नाम र सम्पर्क नं. : सुमन मल्ल ९८५८०२४६२० | • स्थानीय ग्रामीण बस्तीलाई अगैया नेपालगंज सडक सम्म पहुँच स्थापीत गरेको छ ।<br>• क्रमागत योजनाको रुपमा नियमित रुपमा पालिकाको तर्फबाट बजेट विनियोजन भई नियमित रुपमा काम भई रहेको छ ।<br>• दिगो पूर्वाधार र स्थानीय बासीन्दालाई आवागमनमा सहजता भएको ।<br>• गुणस्तरीय सडक निर्माण भएको । | • बाटोको दुबै तर्फ नाली निर्माण हुनुपर्ने ।<br>• कालोपत्रेको चौडाई बढाउनु पर्ने कम्तमिा ४ मिटर हुनुपर्ने ।<br>• तोकिएको अवधिमा काम सम्पन्न हुनुपर्ने । | |

| (ख) | सामाजिक विकास तर्फका योजना तथा कार्यक्रम : | | | |
|---|---|---|---|---|
| | **१.आयोजनाको नामः** बर्थिङ सेन्टर निमार्ण वडा नं.८<br>• बजेट श्रोत :समानिकरण अनुदान<br>• संभ्कौता कवुल रकम २४,५०,८६७४९ भ्याट सहित<br>• कार्य संभ्कौता २०८०।०९।११<br>• कार्य सम्पन्न गर्नु पर्ने मितिः २०८१।०२।३०<br>• श्री रक्षा निमार्ण सेवा राप्तीसोनारी ०८ बाँके ९८५८०२५५९८ विष्णु केसी | • राप्ती सोनारी गाउँपालिका वडा नं.२ कचनापुरमा पक्की सडक निर्माण भई दिगो पूर्वाधार विकास भएको र स्थानीय बासीन्दाहरुलाई सहज आवागमनमा सुविधा पुगेको छ ।<br>• ग्रामिण बस्तीलाई मुख्य राजमार्ग, पालिका र वडाको केन्द्र सम्म सहज पहुँच भएको छ । | • सडकको सुरक्षाका लागि मर्मत संम्भार र नाली सहित साईड प्रोटेक्टशनमा ध्यान दिनुपर्ने ।<br>• भारी लोड क्षमताका सवारी तथा ढुवानीका साधनबाट हुन जाने सडकको क्षतीलाई न्यूनीकरणमा ध्यान दिईनुपर्ने ।<br>• स्थीाय सडकको नियमित मर्मत संम्भारको नीतिगत व्यवस्था सहित कोषको व्यवस्था गरी सोही कोषबाट भत्केको सडकहरुको मर्मत संम्भार गरिनुपर्ने । | |
| | **२.आयोजनाको नाम :** लक्ष्मी मा.वि होस्टेल निमार्ण, राप्ती सोनारी वडा नं.२ , बाँके<br>• बजेट श्रोत : शसर्त अनुदान संघ<br>• संभ्कौता रकम ३०,९९,१०१।२५ भ्याट सहित<br>• कार्य संभ्कौता२०८०।११।२३<br>• कार्य सम्पन्न गर्नु पर्ने मिति : २०८१।०३।१०<br>• श्री भंवर भवानी निमार्ण सेवा राप्ती सोनारी २ बाँके ९८५८०२४९३९ सुरेन्द्र पौडेल | • टाढाबाट अध्ययन गर्न आउने छात्रछात्राहरुलाई अध्ययनमा सहज भएको छ ।<br>• छात्रछात्राहरुको सिकाई उपलब्धी मा सुधार आएको छ ,<br>• विद्यालयको दिगो भौतिक पूवार्धार निर्माण भई शैक्षिक गुणस्तरमा सुधार आएको छ ।<br>• अभिवावकलाई आर्थिक भार कम हुनुका साथै बालबालिकाहरुले विचमै विद्यालय छोड्ने दरमा कमी आएको छ । | • छात्रबासको नियमित मर्मत संम्भार र सरसफाईमा ध्यान दिनुपर्ने । | |
| (ग) | आर्थिक विकास तर्फ : | | | |

| | | | | |
|---|---|---|---|---|
| | **१.आयोजनाको नाम :** वडा नं.१ को विभिन्न स्थानमा सिंचाइ बोरिङ निमार्ण<br>• सम्झौता रकम : रु.६८ लाख<br>• बजेट श्रोत : निशसर्त अनुदान गाउँपालिका<br>• कार्य सम्पन्न गर्नु पर्ने मिति : २०८१।०३।१५ | • राप्ती सोनारी गाउँपालिका वडा नं.१ का किसानहरुलाई १२ महिना सिंचाईको सुविधा पुगेको ।<br>• खाधान्न बाली तथा नगदे वालीको उत्पादमा बृद्धि भएको ।<br>• स्थानीय रोजगारी सिर्जनामा टेवा पुग्नुका साथै किसानको आम्दानीमा ३० प्रतिशतले बृद्धि भएको ।<br>• समुदायमा खानेपानीको समेत सहज आपूर्ती हुने । | • जडान भएका डिप बोरीङ्गको नियमित मर्मत संभार, सुरक्षा र विधुत महशुलमा ध्यान दिनुपर्ने ।<br>• मर्मत संम्भार कोषको व्यवस्था गरी सोही कोषबाट डिप बोरिङ्गको मर्मत संम्भारका लागि व्यवस्था गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।<br>• वडा तथा पालिकाको तर्फबाट जडान भएका डिप बोरिङ्गको संचालन भए नभएको नियमित रुपमा अनुगमन मुल्याङ्कन गरिनुपर्ने ।<br>• समुदायको सहलगानी पनि विस्तार गरिनुपर्ने । जसका कारण अपनत्वको भावना जागृत हुने । | |
| | **२.आयोजनाको नाम र स्थान : शित भण्डार ४ (क्रमागत)**<br>• बजेट श्रोत : निशर्त अनुदान पालिका<br>• संझौता रकम रु. २८,५४,५९३।५१ भ्याट सहित<br>• कार्य सम्पन्न गर्नु पर्ने मिति : २०८१।०२।३०<br>• श्री मेनुका निमार्ण सेवा, राप्ती सोनारी-४,बाँके<br>• निर्माण व्यवसायी : गणेश डाँगी फोन नं. ९८४४८५०२१२ | • राप्ती सोनारी गाउँपालिका वडा नं.४ मा किसानको स्थानीय उत्पादन तरकारीको दिगो रुपमा भण्डारणका लागि पूवाधार निर्माण हुने ।<br>• किसानहरु बढी आम्दानी हुने तरकारी तथा फलफुल र मसला जन्य उत्पादमा आर्कषित भई किसानको आम्दानी र स्थानीय रोजगारी सिर्जना हुने । | • समयमा नै यसको निर्माण कार्य सम्पन्नता का लागि पालिकाको तर्फबाट उचीत ध्यान दिनुपर्ने । | |
| (घ) | **वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :** | | | |

| | | | | |
|---|---|---|---|---|
| | विपत व्यवस्थापनमा कूल ५० लाख विनियोजित मध्य जम्मा ८ लाख खर्च गरिएको कार्य ८८ जनालाई तत्काल राहत रकम तथा सामाग्री खरिद गरिएको । | • राप्ती सोनारी गाउँपालिका अर्न्तगत सबै वडामा विभिन्न समयमा भएको विपद्जन्य घटनाबाट प्रभावित परिवारहरुलाई पालिकाको तर्फबाट आ.व.२०८०/०८१ मा जम्मा ७७ परिवारलाई रु.८१०,०००।- (अक्षेरुपी आठलाख दश हजार) राहत सहयोग उपलब्ध गराएको छ ।<br>• चट्याङ, बाढी लगायत अन्य कारणले मृत्यु भएका १३ परिवारलाई रु.१०,०००।- देखि रु.५०,०००।- सम्म राहत सहयोग उपलब्ध गराईएको ।<br>• वाढी, हावाहुरी र आगलागीका कारणले क्षती भएको पशुपन्छी, खेती, घर गोठ, पसल तथा कृषि यन्त्र उपकरण आदिको लागि क्षतिको प्रकृति हेरी राहत स्वरुप ६४ परिवारलाई कम्तीमा रु.५,०००।- देखि रु.१५,०००।- सम्म सहयोग प्रदान गरिएको ।<br>• राहतबाट पीडित परिवारलाई केही मात्रामा भएपनि समस्या समाधान गर्न सहयोग पुगेको । | • पालिकाले आगलागीजन्य घटनाको न्यूनिकरणका लागि दमकलको व्यवस्था गर्नुपर्ने ।<br>• जोखिमयूक्त बस्तीको पहिँचान गरी यसको स्थानान्तरणका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्नुपर्ने ।<br>• पालिकाले चट्याङ जन्य विपद्को न्यूनिकरणका लागि संचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।<br>• वर्षभरी पालिकामा भएका सम्पूर्ण विपद्जन्य घटनाको व्यवस्थित अभिलेख तथा तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनु पर्ने । | |
| | | • पालिकाले विपद् जन्य घटनाको राहत, उद्दार तथा क्षतिपूर्तीको लागि रकम सहित शाखाको व्यवस्था गरी यसका तत्कालै सम्बोधन गर्ने प्रयास गरेको छ ।<br>• विपद्जन्य घटनाको व्यवस्थित अभिलेख तथा तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनु पर्ने । | | |

**३.७. सार्वजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा बृहत छलफल :** यस चरण तथा प्रक्रियामा नपाले सामाजीक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा यस गाउँपालिकाको गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्यबिधि, २०८० को भाग-१ र २ को परिच्छेद १ र २ को दफा १४ देखि २३ बमोजिम अनुसूची ५, ६ र ७ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ । यस प्रकार तयार प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रित गरी सार्वजनिक वहश कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय,
- गाउँपालिका को प्राथमिकता तथा लक्षहरू,

- गाउँपालिका गतवर्षको मुख्य-मुख्य उपलब्धिहरू,
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू,
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता,
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू,
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू ।

**३.८ प्रतिवेदन तयारी :** सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित कार्यविधिको **अनुसूची-९** अनुसार अन्तिम प्रतिवेदन तयारी र सार्वजनिक गरिएकोछ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु
- सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

**३.९ सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि :** सार्वजनिक बहस तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि तपसिल सञ्चालन गरिएको थियो ।

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान नगरिएको थियो ।
- सामाजिक परीक्षकबाट सामाजिक परिक्षणको विस्तृत विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूको तर्फबाट निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।
- प्रश्नहरु निम्न बमोजिम संकलन गरिएको थियो ।

**यस राप्ती सोनारी गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा)**

- गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति ।
- समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादन ।
- सामाजिक उत्तरदायित्व पूरा गर्न  वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयारी गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

**३.१० प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन :** सामाजिक परीक्षकद्धारा सामाजिक परिक्षण प्रतिवेदन **अनुसूची-९** अनुसार गाउँपालिका अध्यक्ष समक्ष पेश गरिएको छ । यस गाउँपालिकाले सो सामाजिक परीक्षण प्रतिवेदन गाउँ सभामा पेश गरी मूख्य-मूख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नेछ । सामजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गापाले नीतिगत निर्णय गर्नेछ ।

**४. सामाजिक परीक्षणको सिमा :** प्रस्तुत सामाजिक परीक्षण कार्यका क्षेत्र र सिमा निम्नानुसार रहेका छन् ।

१. गापाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको छ ।

२. गापाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य प्रकारका योजनामा जनसहभागिताको स्थिति अध्ययन गरिएको छैन ।

३. समयमा गापाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएको छ । तर यसमा नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।

४. समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति, समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन र प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा विशेष जोड दिइएको छ ।

**४.१ सामाजिक परिक्षणका आधारहरु :**

राप्ती सोनारी गाउँपालिकाको कार्यसम्पादनको अनुगमन, मुल्यांकन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावकारीता लेखाजोखा गर्न गरिएको यो सामाजिक परिक्षणको आधारहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- राप्ती सोनारी गाउँकार्यपालिकाको कार्यालयको संगठन तथा संरचना,
- राप्ती सोनारी गाउँपालिकाको नीति, रणनीति र आगामी कार्यक्षेत्र र सोको प्रभावकारीता,
- राप्ती सोनारी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, बजेट व्यवस्थापन,
- राप्ती सोनारी गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन तथा मुल्यांकन,

**५.वृहत छलफल कार्यक्रमको विवरण :** राप्ती सोनारी गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परिक्षण कार्यक्रम २०८२ साल असार १८ गते भित्र सम्पन्न गरेको छ । सामाजिक परिक्षण कार्यक्रम उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) कोहलपुर, बाँकेको प्राविधिक सहयोगमा यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्यबिधि, २०८० को भाग-१ र २ को परिच्छेद १ र २ को दफा १४ देखि २३ को व्यवस्था र अनुसूची ५ र ६ बमोजिमको प्रतिवेदन यस गाउँपालिकाद्धारा आयोजित सार्वजनिक छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो । प्राविधिक सहजिकरण गर्ने संस्था उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ले तयार पारेको प्रारम्भिक प्रतिबेदन माथि सरोकारवालाहरुबाट प्राप्त आवश्यक सल्लाह एबम् सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

**६. गाउँपालिका र विषयगत कार्यालय/गैर सरकारी संस्थाहरुको समग्र उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण :** गाउँपालिकाले विभिन्न सामाजिक क्षेत्रमा गरेको योगदान (कार्यक्रम, प्रतिफल तथा उपलब्धीलाई यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्यबिधि, २०८० को भाग-१ र २ को परिच्छेद १ र २ को दफा १४ देखि २३ अनुसार उल्लेखित व्यवस्था, सामाजिक जिम्मेवारीका प्राथमिकताका क्षेत्र र ढाँचामा लेखाजोखा गरी कार्यविधिको **अनुसूची ५ र ६ अनुसारको** प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

**७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलबाट प्रस्तुत सबल पक्षहरु तपसिल अनुसार प्रस्तुत गरिएकोछ ।

- आ.व.२०८०/०८१ मा १६० वटा योजना टोल विकास संस्थाहरुसँग योजनाहरु सम्झौता गरी फरफारक गरिएको छ । साथै १५ वटा ठेक्का पट्टा मार्फत सम्झौता भएको मध्ये १४ योजनाहरु सम्पन्न गरी फरफारक गरिएको छ । जसमध्ये १ वटा यस आ.व.को अन्त्य सम्म सम्पन्न हुँन नसकी आगामी आ.व.का लागी क्रमागत आयोजनामा समावेश गरिएको छ ।
- वडा नं.४ को आधारभूत स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी १५ शैयाको आधारभूत अस्पताल निर्माण कार्य ९० प्रतिशत सम्पन्न भई सोही भवनबाट आवश्यक जनशक्ति तथा उपकरणहरुको व्यवस्थापन गरी आधारभूत संचालन भई रहेको ।
- आ.व.२०८०/०८१ मा २० वटा कार्यविधि, २ वटा सहित कुल ६१ वटा कानून बनाईएको ।
- अध्यक्ष र प्र.प्र.अ. तथा प्र.प्र.अ. र शाखा प्रमुखहरु बिच कार्य सम्पादन सम्झौता गरी कार्यालयको दैनिक कार्य संचालन गरिएको ।
- न्यायिक समितिलाई चुस्तदुरुस्त एवम् प्रविधिमैत्री बनाउन न्यायिक मामिला व्यवस्थापनसम्बन्धी प्रणाली (Software) जडान गरी संचालनमा रहेको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीका लागी ५५३ जना सुचिकृत भै ७६ जना लाभान्वित भएको ।
- वडा नं.८ मा वर्थिङ्ग सेन्टर निर्माण गरी सोही सेन्टरबाट प्रसुती सेवा प्रवाह गरिएको ।
- आ.व.२०८०/०८१ मा यस गाउँपालिकामा कालोपत्रे सडक/बाटो ४८३६ मिटर, ग्रावेल तथा स्तरोन्नति ८६७५ मिटर, पिसिसि ८३४ मिटर र नयाँ बाटो/ नयाँ ट्र्याक १८१२ मिटर निर्माण भएको ।
- प्रदेश समपुरक अनुदान मार्फत ४, समपुरक संघ १, सडक सडक बोर्ड नेपाल ३ र गाउँपालिका संयुक्त लगानीमा ८ वटा सडक निर्माण सम्पन्न भएको र ३ वटा सडक ऋमागतमा निर्माण भई रहेका छन् ।
- प्रदेश विशेष अनुदान अन्तर्गत १ वटा आयोजना निर्माण सम्पन्न भएको ।
- सबै सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण तथा मर्मत, खानेपानी व्यवस्थापन, जिप्सन र प्लाईउड जडान, कक्षा कोठा मर्मत सम्भारका लागी निर्माण व्यवसायीसँग २२ वटा विद्यालयको सम्झौता भएकोमा २१ वटा विद्यालयको काम सम्पन्न भएको ।
- गाउँपालिकाको विकास, समृद्धि, प्रभावकारी सेवा प्रवाह र सुशासन व्यवस्थापनका लागी जनप्रतिनिधि र कर्मचारीलाई एकै टिमको रुपमा महसुस गरी काममा अगाडी बढ्नु ।

- कार्यालय तथा वडाहरुमा दरबन्दी अनुसार कर्मचारीको स्थायी पदपूर्ति गरी सेवा प्रवाह गर्न सक्नु र भएका जनशक्तिको Right man in right place गर्न सक्नु ।
- समयमा योजना सम्पन्न गरी फरफारक र तालुक मन्त्रालयहरुमा प्रगति विवरण पठाईएको ।
- नदीजन्य पदार्थको समयमा ठेक्का प्रबन्ध र सो को आन्तरीक राजश्व तोकिएको समयमा उठाईएको ।
- विगत आ.व.मा ठेक्का सम्झौता भएका विकास निर्माणका कामहरु पहिलो प्राथमिकतामा राखी कार्यान्वयमा लगिएको ।
- टोल विकास संस्थाहरुमार्फत टोल स्तरका विकास निर्माणका कामहरु सम्पन्न गराउनु ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि समसामयिक रुपमा विद्यालयको मर्जिङ्ग तथा शिक्षक दरबन्दी मिलान गर्दे लैजानु र अपुग दरबन्दी तथा विषयगत शिक्षकहरुको व्यवस्थापन पालिकाको तर्फबाट हुनु ।
- उपभोक्ता हित संरक्षणका लागी समय-समयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनु ।
- आन्तरीक राजश्वमा उद्योग व्यवसाय करको हिस्सा बढाउनु ।
- गाउँपालिका तथा अन्य निकायबाट दिईएको सिप विकास सम्बन्धी तालिमको यथोचित अनुगमन गर्ने तथा प्रभावकारीता अध्ययन गर्नु ।
- संघीय तथा प्रदेश सरकारको आर्थिक लगानीमा निर्माणको चरणमा रहेका खानेपानी आयोजनाहरुलाई एकीकृत गरी समयमा सम्पन्न गराउन पहल गरिएको ।
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका सहकारीहरुलाई उत्पादन, विकास र पूँजी निर्माणमा लगाउनु ।
- गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई गाउँपालिकाको विकास र सम्बर्द्धनको लागी सहयोगी बनाउनु ।
- गाउँपालिकाको समग्र विकासमा हातेमालो गर्ने गैर सरकारी संस्थाहरुलाई कार्य वातावरण तयार गर्दै आवश्यक सहकार्य, साझेदारी र नियमनको कार्य गर्नु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विकास र जनताको आय आर्जनको प्रयायका रुपमा सञ्चालन गर्नु ।
- गाउँपालिकाको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्नु ।
- कृषि क्षेत्रमा खाधान्न, दुध र मासुमा गाउँपालिका आत्मनिर्भर भई अन्यत्र निर्यात गर्न सफल रहेको ।
- गाउँपालिकाले सामाजिक सुरक्षामा आवद्ध सबै लाभग्राहीलाई बैंक मार्फत सामाजिक सुरक्षाभत्ता प्रदान गरेको ।
- गाउँपालिकाको कार्यालय अपाङ्ग मैत्री संरचनामा आधारित भएर निर्माण भएको छ । यसमा-च्याम लगायतको व्यवस्था गरीएको ।
- गाउँपालिकाले सूचना अधिकारीको व्यस्था गरेको छ । सूचना अधिकारी मार्फत कार्यालयको आवश्यक सूचनाहरु प्राप्त हुने प्रबन्ध गरिएको छ ।

**८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलको दौरान देखिएका चूनौति तथा कमीकमजोरीहरु तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- वार्षिक नीती तथा कार्यक्रमले गाउँपालिकाका सवै वर्ग, समुदाय र क्षेत्रलाई अझैं पनि समेटन नसकेको ।

- वडा स्तरबाट योजना छनौट गर्ने प्रक्रियामा लक्षित समूह/समुदायको न्यून सहभागिता रहेको ।
- गाउँपालिका र वडामा रहेका अन्य संरचनाहरु लैससास मैत्री हुन नसकेको ।
- महिला, अल्पसंख्यक तथा दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधीहरुको क्षमता विकासमा खासै ध्यान नदिएको ।
- गाउँपालिकामा सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
- लक्षित वर्ग, समुदाय र आर्थिक सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने, खानेपानी, सरसफाई र विपदजन्य प्रकोपको क्षेत्रमा गाउँपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
- आर्थिक रुपमा सम्पन्न भएता पनि जातीय, लैंगिक, सामाजिक एवं सांस्कृतिक तथा मानवीय रुपमा कमजोर वर्ग समुदायको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

**९.सामाजिक जिम्मेवारी पुरा गर्न गाउँपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको आगामी दिनमा चाल्नु पर्ने कदम तथा आएका सुझावहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- गाउँसभाबाट पारित भएका नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने ।
- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम तर्जूमा गर्दा पालिकाको आवधिक योजनालाई मूल आधारमानी तयार गर्नुपर्ने ।
- गाउँपालिकाको वार्षिक योजना तर्जूमा प्रकृयामा बालबालिका, युवा, महिला तथा लक्षित समुदायहरुलाई पनि सहभागि गराउनुपर्ने ।
- 
- कर्मचारी, जनप्रतिनिधि र नागरिकहरुकोको बिचमा त्रिपक्षीय साझेदारी मोडेलमा कार्य गर्दा अझै बढी उपलब्धिमूलक हुने ।
- वडा स्तरमा समेत स्तनपान कक्ष निमार्ण गरिनु पर्ने र स्वास्थ्य संस्थाहरुको समेत सामाजिक परिक्षण गरिनु पर्ने ।
- गाउँपालिका भित्रका सबै नागरिकहरुले गाउँपालिकाको कामकारवाहीप्रति सकारात्मक सोच राख्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउनु पर्ने ।
- गाउँपालिकाबाट संचालित योजनाहरुको कार्यविधि अनुसार सार्वजनिक परिक्षण गरी प्रतिवेदन पेश गरे नगरेको प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- गाउँपालिकाले आवश्यक कानूनको निर्माण र विकास निर्माणका कार्यहरुलाई संघ, प्रदेश तथा गाउँपालिकाको ऐन कानून तथा नियमावलीको समेत अध्ययन गर्दै अगाडि बढाउन पर्ने ।
- कार्ययोजना निर्माण, कार्ययोजना बनाई प्रत्येक शाखा प्रमुखको जिम्मेवारी तोकी कार्य सम्पादन सम्झौता मार्फत प्रोत्साहनको व्यवस्था मिलाई कार्य सम्पादनलाई चुस्त दुरुस्त रुपमा अगाडि बढाउन पर्ने ।
- गाउँपालिकामा प्राप्त हुने श्रोतको परिचालन प्रभावकारी बनाउनु पर्ने ।
- प्रस्ताव, डिजाइन तथा इस्टिमेट र कार्य सम्झौता गरी मात्र काम गर्नुपर्ने ।

- विकास निर्माणको कार्यलाई गुणस्तरीय र तोकिएको समयमा नै सम्पन्न गर्न नियमित अनुगमन, सुपरिवेक्षण, निर्देशन र निर्माण सामग्रीहरुको गुणस्तर परिक्षण गर्नुपर्ने ।
- संघ प्रदेश र अन्य सरोकारवाला निकायसँग नियमित सम्पर्क, समन्वय र सहकार्य गरिनुपर्ने ।
- आर्थिक कारोवारलाई भुक्तानी कै प्रकृयाबाट चुस्त दुरुस्त बनाई आलेप तथा मलेपलाई सहज बनाई बेरुजु शुन्य गाउँपालिका बनाउन पहल गर्नु पर्ने ।
- गाउँपालिका अन्तर्गतका जनप्रतिनिधीहरु, बिभिन्न शाखाहरु र वडाहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिबृद्धि, टिम बिल्डिंग सम्बन्धी तालिम का अवसरहरु उपलब्ध गराई जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिबृद्धिलाई नियमित अभ्यासको रुपमा लैजानु पर्ने ।

- गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन गाउँपालिकाबासीलाई आयआर्जन, उद्यमशिलता र सिपयुक्त दक्षजनशक्ति निर्माण हुने क्रियाकलापहरुबाट आयआर्जन अभिबृद्धि हुने तथा गाउँपालिकालाई कर संकलन गर्ने वातावरण सिर्जना गर्नुपर्ने । जसका लागि कृषि हाटबजार, पशुहाट बजार, संकलन केन्द्र, शित भण्डार लगायतका व्यवसायलाई प्राथमिकतामा राख्ने ।
- गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थानहरुको खोजी गरी आन्तरिक तथा बाह्य पर्यटनको लागि पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्ने । जसका लागि धार्मिक स्थलहरुको पूर्वाधार निर्माण, होमस्टे, थारु संस्कृति, भाषा, कला र साहित्यको जर्गेना, स्थानीय रैथाने बाली, खानाको संरक्षण, स्थानीय परम्परागत बाजा एवं कला संस्कृतिको जर्गेना एवं प्रचार-प्रसार, कोशेली घर, स्तरीय होटेल, पार्क, पिकनिक स्पट, च्याफिटिङ्ग, जंगल सफारी आदिको निर्माणमा प्राथमिकताका साथ काम गरिनु पर्ने ।
- गाउँपालिकाका कर्मचारीहरुको बृत्ति विकासमा यथोचित ध्यान दिई सेवा प्रवाह सहज बनाउनुपर्ने ।
- गाउँपालिकाले आफ्नो मातहतमा रहेका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्तरोन्नती गर्नुपर्ने र आवश्यकता अनुसार बर्थिङ सेन्टरको स्थापनामा ध्यान दिनुपर्ने ।
- गाउँपालिकाले भौतिक पूर्वाधारहरुको निर्माण गर्दा आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परिक्षण गराउनुपर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकाले निर्यातमूखी कृषि तथा पशुपन्छीको उत्पादनमा जोड दिई किसानहरुको आयआर्जन बृद्धि हुने कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- गाउँपालिकाको नीति तथा योजना निर्माण गर्दा बुद्धिजिवी, उद्योगी व्यापारी, शिक्षक, संचारकर्मी लगायत अगूवा व्यक्तिहरुलाई सहभागी गराउने ।
- गाउँपालिकामा बेवारिसे, सहारा विहिन, अनाथ तथा सहयोगापेक्षी मानवको संरक्षणका लागि आश्रम निर्माण गरिनुपर्ने ।
- विपन्न, सामाजिक एवं आर्थिक रुपमा पछि परेका दलित, अल्पसंख्यक, आदिवासी जनजाति, मधेशी, मुस्लिम, मुक्त कमैया कम्लहरीहरुलाई उच्च तथा प्राविधिक शिक्षा पढ्नका लागि एक शैक्षिक कोष खडा गरी उनीहरुलाई अध्ययनमा आर्थिक सहयोग गरिनुपर्ने ।
- गाउँपालिकाले राप्ती नदी लगायत अन्य साना खोला तथा नालाहरुबाट हुने कटान र डुवानको क्षतीलाई न्यूनीकरण गर्न विशेष कार्यक्रम संचालन गरिनुपर्ने ।
- गाउँपालिको आन्तरीक आम्दानी बृद्धि गर्नको लागि प्राकृतिक स्रोतहरुको बैज्ञानिक एवं समूचित प्रयोगमा ध्यान दिनुपर्ने ।

- दलित, पिछडा, अल्पसंख्यक, आदिवासी जनजाती, मधेशी मुस्लिम तथा मुक्त कमैया कम्लहरीहरुको उत्थान र विकासका लागि ठोस कार्यक्रम संचालन गर्नुपर्ने ।
- गाउँपालिका भित्रमा रहेका सामुदायिक वनहरुमा "**धनका लागि वन**" भन्ने भावनाको विकास गर्दै सामुदायिक वनलाई आयआर्जन संग जोड्दै वनमा आधारित उद्योग एवं व्यवसायको प्रवर्द्धन, जडीबुटी खेती लगायत अन्य खेतीको विकास र विस्तारमा जोडदिनुपर्ने ।
- लक्षित समूहको लागि नीति तथा कार्यक्रमहरु निर्माण गर्दा रणनैतिक आवश्यकता (Strategic Needs) भन्दा ब्यवहारिक (Practical Needs) मा केन्द्रित गर्ने गरिएकोले यसलाई सुधार गरी उनीहरुको दीर्घकालीन सामाजिक हैसियत र मर्यादा बडाउने, समाजमा नेतृत्व विकास गर्ने र आर्थिक स्तरमा बृद्धि गर्ने गर्ने खालका नीति तथा कार्यक्रमहरु संचालन गरिनुपर्ने ।

सामाजिक परिक्षकको दस्तखत :

सामाजिक परिक्षकको नाम : शिवलाल पाण्डे

संस्थाको नाम : उत्पीडित सामुदायिक विकास केन्द्र

कोहलपुर-११, बाँके

# परिच्छेद-दुई
## राप्ती सोनारी गाउँपालिकाको परिचय

**१. गाउँपालिकाको परिचय र भौगोलिक अवस्थिति :**

यो गाउँपालिका प्रदेश अर्न्तगत पर्ने बाँके जिल्लाको पूर्व उत्तरक्षेत्रमा अवस्थित रहेको छ । यस गाउँपालिकाको पूर्वमा दाङ र उत्तरमा सल्यान र दाङ जिल्ला, पश्चिममा कोहलपुर नगरपालिका र डुडुवा गाउँपालिका र दक्षिणमा नरैनापुर गाउँपालिका र भारतको उत्तर प्रदेशको बहराईच जिल्ला रहेको छ । मुलुक संघीय संरचनामा गएसँगै नेपाल सरकारको मिति २०७३/११/२७ गतेको निर्णय बमोजिम साविकका ६ वटा (खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरी) गा.वि.स.हरुलाई समायोजन गरी राप्ती सोनारी गाउँपालिका स्थापना भएको हो । जनसंख्याको हिसाबले यो गाउँपालिका नेपालकै दोस्रो धेरै जनसंख्या भएको गाउँपालिका हो । राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या ६७७८२ (महिला ३५७६७, ५२.७६ प्रतिशत र पुरुष ३२०१५, ४७.२३ प्रतिशत) रहेको छ ।

कुल क्षेत्रफल १०४१.७३ वर्ग कि.मि.रहेको गाउँपालिकाको उत्तरी क्षेत्रमा भावर र चुरे पर्वत श्रृंखलाका साथै बाँके राष्ट्रिय निकुञ्ज पर्ने भएकाले प्राकृतिक र पर्यटकीय दृष्टिले निकै महत्तवपूर्ण क्षेत्र मानिएको छ ।

२. **पञ्च वर्षिय लक्ष्य** : **"समृद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, र दीगो पूर्वाधार"** भन्ने नारा अनुरुप आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लक्ष्य लिई सार्वजनिक सेवा तथा वस्तुमा आमनागरिक, सेवाग्राही तथा लक्षित वर्ग र क्षेत्रको पहुँच र अवसरमा बृद्धि गरी नगरवासीको जीवनस्तरमा गुणात्मक बृद्धि गर्ने ।

**३. राप्ती सोनारी गाउँपालिकाको प्राथमिकताहरु :**

- कृषि र पशुपन्छीको उत्पादन एवं उत्पादकत्व वृद्धि र बजारीकरण,
- उद्यमशिलताको विकास र स्थानीय रोजगारी सिर्जना,
- धार्मिक एवं पर्यटकीय क्षेत्रको विकास,
- गरिबी निवारण, उद्यमशिलताको विकास र रोजगारी सिर्जना,
- भाषा, कला, संस्कृति र परम्पराको संरक्षण तथा सम्वर्द्धन,
- गुणस्तरीय एवं प्राविधिक शिक्षाको विकास र विस्तार,
- प्राकृतिक प्रकोप एवं विपद् जन्य जोखिमको न्यूनिकरण,
- दिगो विकास लक्ष्य (SDGs) को स्थानीयकरण,
- प्राकृतिक स्रोत र साधनको उचीत एवं वैज्ञानिक उपयोग,
- सुशासन, पारिदर्शीता र जवाफदेहिता अभिबृद्धि,
- स्वच्छ, सफा र सुरक्षीत खानेपानीको उपलब्धता,
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह,
- बाँके राष्ट्रिय निकुञ्जसँगको सहकार्य र साझेदारीमा पर्यटन प्रबर्द्धन,
- प्राकृतिक एवं जैविक विविधताको संरक्षण र दिगो फोहलमैला व्यवस्थापन,
- युवा जनशक्तिको दक्षता एवं मानवीय पुँजीको विकास र परिचालन मार्फत आर्थिक रुपान्तरण,
- सामाजिक पुँजीको निर्माण र आर्थिक समृद्धि,
- लक्षित वर्गको क्षमता विकास, सशक्तिकरण र सहभागिता बृद्धि र लैगिंक समानता तथा सामाजिक समावेशीकरणमा जोड,

- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास,
- न्यायिक समिति र मेलमिलाप केन्द्रको माध्यामबाट विवाद समाधान,
- अन्तर तह र अन्तरपालिका सम्बन्ध, सहकार्य र साझेदारी विकास,
- विकास निर्माण कार्यमा जनसहभागिता र नागरिक निगरानी अभिबृद्धि,
- गाउँपालिकाको संस्थागत विकास र चुस्त, दुरुस्त, सहज एवं प्रभावकारी सेवा प्रवाह,
- दीगो र गुणस्तरीय पूर्वाधार निर्माण ।

## राप्ती सोनारी गाउँपालिकाको आ.व.२०८०/०८१ को विषयगत शाखा/क्षेत्रगत प्रगति

### १. कर्मचारी प्रशासन शाखा :

**१.कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा ११ बमोजिमका कार्यहरु गर्नका लागी गाउँपालिकामा देहाय बमोजिमको साङ्गठनिक संरचना रहने व्यवस्था रहेको छ ।जहाँ जम्मा स्विकृत दरबन्दी ३७ जना रहेको उक्त आ.ब.मा पदपूर्ती २९ जना रिक्त संख्या ८ जना रिक्त रहेको । जसबाट कर्मचारीहरुमा केही मात्रामा कार्य बोझ रहेको देखिन्छ ।

**वडा कार्यालयहरु :** यस गाउँपालिका अन्तर्गत जम्मा ९ वटा वडाहरु रहेका छन र सबै वडामा आफ्नै कार्यालयबाट सेवा प्रबाह भई रहेको

**२.राजश्व संकलन** : आ.ब. २०८०/०८१ मा बिभिन्न शीर्षकधहरुमा गरी जम्मा : १,२७,२६६.६ (हजारमा) राजश्व संकलन भएको पाईयो ।

### २.न्यायिक समितिको कार्य सम्पादन :

| गत बर्षको अ.ल्या.उजुरी संख्या | आ.ब.२०८०/०८१ मा कुल दर्ता भएका उजुरी संख्या | निर्णय भएका उजुरी संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका उजुरी संख्या | दरपिठ गरीएको उजुरी संख्या | हेर्न वाकी उजुरी संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| **जम्मा** | २१ | १६ | १ | २ | २ | ० |

### ३.गाउँपालिकामा बसेको बैठकको विवरण देहाय बमोजिम उल्लेख रहेको छ ।

| क्र.स. | बैठकको विवरण | बैठक संख्या |
|---|---|---|
| १ | गाउँ सभा | ३ पटक |
| २ | गाउँ कार्यपालिकाको | १६ पटक |
| ३ | खरीद मूल्यांकन समिति | ३१ पटक |
| ४ | विषयगत तथा अन्य बैठक | २७ पटक |
| ५ | वडा कार्यालय | २४७ पटक |

### ४.सामाजिक सुरक्षा तर्फको खर्च बिबरण :

| क्र.स. | सामाजिक सुरक्षाको क्षेत्र | खर्च रकम |
|---|---|---|
| १ | जेष्ठ नागरिक (७० माथि) | १४,३१,३१,२४४.०० |
| २ | जेष्ठ नागरीक दलित | ६०,८६,०८०.०० |

| | | |
|---|---|---|
| ३ | एकल जेष्ठ महिला | १,३८,२४,४७९.०० |
| ४ | विधवा | २,८५,२४,७७६.०० |
| ५ | अपाङ्ग पूर्ण | ६५,२३,७६०.०० |
| ६ | अशक्त अपांग | १,१६,१०,७९०.०० |
| ७ | लोपोन्मुख | ८,१३,९६०.०० |
| ८ | वाल पोषण | ३०,९१,४६९.०० |
| | **जम्मा** | **२१,३६,०६,५५८.००** |

**५.व्यक्तिगत घटना दर्ता :** व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन लगायतका कार्य पञ्जिकरण शाखाको मातहतमा वडा सचिवहरुले गर्ने गर्दछन । हाल गाउँपालिकामा अनलाईन प्रणालीबाट घटना दर्ता गर्ने गरिएको छ । यस आ.व.मा गाउँपालिकामा ३२१८ (जसमा जन्म १८१२ मृत्यु, ४६१ बिबाह, ६७२ बसाई सराई आएको, ११९ बसाई सरी गएको ९५ र सम्बन्ध बिच्छेद ५९) वटा घटना दर्ता भएको पाईएको छ ।

**६.उजुरी पेटीका/गुनासो सुनुवाई :** नागरिकका गुनासोलाई सम्बोधन गरी जनमैत्री सेवा प्रवाह गर्नका लागी गाउँपालिकामा गुनासो दर्ताका लागी उजुरी पेटीका १ तथा गाउँपालिकाको Website मा रहेको Apps बाट समेत गुनासोहरु सुन्ने र दर्ता गर्ने गरिएको छ । आ.व.२०८०/०८१ मा कुनै पनि गुनासाहरु दर्ता भएको देखिएन । जसको अर्थ हुन्छ : यात यो बारेमा नागरिकलाई थाहा जानकारी नै छैन यात उजुरी गर्नु पर्ने , गुनासो गर्नु पर्ने कुनै अबस्थानै आई परेको थिएन ।

**७. योजना तथा पूर्वाधार शाखाको बार्षिक प्रगति विवरण :** पूर्वाधार शाखा अर्न्तगत सडक, खानेपानी, सिचाई, विद्युत लगायतका अन्य भौतिक संरचनाहरुको निर्माण तथा मर्मत संभार गर्ने कार्य पर्दछ । यस गाउँपालिकामा कतिपय विकास निर्माणका कार्यक्रमहरु टोल विकास संस्था मार्फत भएका र कतिपय विकासका कार्यक्रमहरु ठेक्का एवम् शिलबन्दी दरभाउ तथा अमानत मार्फत सञ्चालन गरिने अभ्यास रहेको छ । यस आ.व.मा यस गाउँपालिकाको योजना तथा पूर्वाधार शाखा मार्फत सम्पादित आयोजना तथा कार्यक्रमको एकिकृत तथा वित्तीय प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ ।

| क.स. | बजेट उपशिर्षक | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | कुल आयोजना /कार्यक्रम संख्या | बजेट | सम्पन्न आयोजना /कार्यक्रम संख्या | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | गाउँपालिका तर्फ | १५६ | १०६७३२ | १४३ | ६४८३९ | ६०.७५ | ८८.४१ |
| २ | वडा कार्यालय १ | २४ | ३८०० | ३२ | ३३४५ | ८८.०२ | ८५.३१ |
| ३ | वडा कार्यालय २ | १६ | ६०३० | १३ | ३५७४ | ५९.३७ | ६५.९४ |
| ४ | वडा कार्यालय ३ | २० | ४६५४ | १५ | ३३२३ | ७१.४० | ६९.८८ |
| ५ | वडा कार्यालय ४ | ३० | ६००२ | २२ | ४०३६ | ६७.२५ | ७२.६२ |
| ६ | वडा कार्यालय ५ | २९ | ७३९७ | २० | ५२३२ | ७०.७३ | ६५.३८ |
| ७ | वडा कार्यालय ६ | ४४ | ६७८७ | ३५ | ५१२२ | ७५.४७ | ७५.११ |
| ८ | वडा कार्यालय ७ | ३० | ७०२५ | २९ | ६२५३ | ८८.४४ | ९६.१० |
| ९ | वडा कार्यालय ८ | २३ | ६६८९ | १५ | ४५४३ | ६०.९१ | ७८.६८ |
| १० | वडा कार्यालय ९ | २३ | ५२८१ | १९ | ४४७३ | ८४.७० | ८०.९८ |
| ११ | गा.पा.शिक्षा | २९ | ३२३० | १३ | ५०९५९ | १५७७.६८ | ४८.२९ |
| १२ | गा.पा.स्वास्थ्य | ३८ | ३४६१७ | २३ | २६१८२ | ७५.६३ | ४७.८९ |
| १३ | गा.पा.कृषि | १६ | ६५४२ | ७ | २९०० | ४४.३३ | २४.३१ |
| १४ | गा.पा.पशु | २३ | ८९०० | ९ | २८२५ | ३१.७४ | २८.७४ |
| १५ | संघीय सरकारबाट हस्तान्तरीत | १०६ | ३५७०८९ | ८० | ३०८५८४ | ८६.४२ | ६६.१३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | |
| १६ | प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम | १८ | १४८५० | १५ | १०९२५ | ७३.५७ | ७८.८९ |
| १७ | प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम | २ | २००० | १ | ९५७ | ४७.८७ | ५० |
| १८ | सडक बोर्ड नेपाल | ३ | ४४४८.८९ | ३ | १५३५.८७ | ३४.५२ | ४० |
| १९ | समपुरक आयोजना प्रदेश | ४ | २४००० | ४ | १५९१० | ६६.२९ | १०० |
| २० | समपुरक आयोजना संघ | १ | १४००० | ९ | १३४५५ | ९६.११ | १०० |
| २१ | प्रधानमंत्री रोजगार | ६ | ४९८२ | ६ | ४४३२ | ९४.९८ | १०० |
| | **जम्मा** | **६३३** | **६३५०४६** | **४९५** | **५४३६६५** | **८५.६१** | **६९.६५** |

उपरोक्त तालिका बमोजिम उक्त आ.ब.मा गाउँपालिकाले जम्मा रु ६३,५०,४६,०००।०० बजेट तय गरेको जसमा ६३३ वटा आयोजनाहरु रहेका थिए । कार्यान्वयनको क्रममा ४९५ वटा आयोजनाहरु कार्यान्वयन भएका र रु.५४,०६,६५,०००।०० खर्च भएको पाईयो जसमा बित्तिय प्रगती ८५.६१ प्रतिसत र भौतिक प्रगती ६९.६५ प्रतिसत रहेको पाईयो । बैजापुर शित भण्डार वडा नं.४ बैजापुर अस्पताल आगामी आ.व.मा सम्पन्न हुन वाँकी रहेका छन् । **आयोजना तथा कार्यक्रम सञ्चालन प्रक्रिया**

| ठेक्का पट्टा | कोटेशन तथा परामर्श समेत | टोल विकास संस्था | ऋमानत | विद्यालय व्यवस्थापन समिति | अन्य समिति/संघ संस्था/संस्थागत | कुल संख्या |
|---|---|---|---|---|---|---|
| १५ | २३ | १६० | ३ | २० | २७४ | ४९५ |

**९.आन्तरीक आय तर्फ :** बगदैला, सिजनिया, जलाला, झिझरी र आलिनगर घाट समेत कुल ५ वटा घाटलाई एक प्याकेजमा समावेश गरी कुल रु. ७,६७,२६,१७०।०० (मु.अ.कर वाहेक) नदीजन्य पदार्थको उत्खनन् तथा विक्रिका लागी ठेक्का लागेको र सो ठेक्काबाट २०८१ जेष्ठ मशान्त सम्म रु.५,४७,०७,५६४।००(मु.अ.कर बाहेक) ७१.२२ प्रतिशत मात्र असुली भएको ।

**.आर्थिक प्रशासन तर्फ :**

आ.व.२०८०/०८१ को समग्र आर्थिक अवस्था देहाय बमोजिम रहेको छ । (रकम रु.हजारमा)

यस बर्षको आम्दानी: ९९५५४६.२४
कुल आम्दानी: १०५३३३८.७ (गत मौज्दात समेत)
बजेट खर्च: ९२९०५७.९५
फिर्ता: १३७१९.५१
बाँकी मौज्दात: ११०५६१.२४

**१०.आन्तरीक लेखापरीक्षण :**

गाउँपालिकाको उद्देश्य र क्रियाकलापलाई ध्यानमा राखी संगठन भित्रकै जनशक्तिबाट आर्थिक कारोवारको विस्तृत रुपमा जाँच गरी आलोचना गर्ने, व्यवस्थापकलाई सुझाव प्रदान गर्ने र आवश्यक सुधारको पहल गर्न गाउँपालिकामा छुट्टै आन्तरीक लेखापरीक्षण शाखाको स्थापना भएको छ । यस शाखाको मुख्य उद्देश्य नियमितता, गणितिय सुद्धता, बजेट सिमा, आन्तरीक नियन्त्रण प्रणाली र कानुनको परिपालना जस्ता मुख्य बिषयलाई मुख्य रुपमा हेर्ने गर्दछ । आन्तरीक लेखापरीक्षण सामान्यत: मासिक, चौमासिक वा बार्षिक रुपमा गर्ने गरिन्छ ।

**११.सुचना तथा प्रविधि शाखा :**

कार्यालयका चिट्ठी, प्रतिवेदन, फारम, गतिविधि, योजना बैठकका निर्णय लगायत विविध विषयहरुलाई कम्प्यूटरमा प्रविष्ट गरी मागेको समयमा सुचना दिनु, कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाइट, एसएमएस मार्फत सुचना प्रवाह गर्नु यस शाखाद्धारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिमका रहेका छन् ।

**मुख्य कार्यहरु :**

क.आर्थिक ऐन, नीति तथा कार्यक्रम, बजेट बक्तव्य अपडेट । ख.राजश्व सफ्टवेयर अपडेट ।

ग.पालिकाको वेभसाइटमा सबै कार्यपालिका बैठकहरु/ऐन, नियम, कार्यविधि अपडेट । ङ.विभिन्न संचार माध्यमको प्रयोग गरी सुचना प्रकाशन । घ.LISA / FRA को नतिजा प्रकाशन । च.त्रैमासिक स्वेत प्रकाशन । छ.सम्पत्ति विवरण अपडेट । ज.गुनासो, मोबाईल एप्स र वेभसाइट अपडेट । झ.गाउँपालिका नेटवर्किङ्ग विस्तार/मर्मत । ञ.कार्यपालिका तथा गाउँसभा बैठकलाई विभिन्न संचार माध्यमको सहयोगमा पत्यक्ष प्रसारण ।

## १२.वडागत योजना र कार्यान्वयनको अबस्था

| वडा | प्रस्ताबित कार्यक्रम /आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|---|
| वडा नं. १ | २४ | २२ | ३८०० | ३३४५ | ८२.०२ | ८५.३१ |
| वडा नं. २ | १६ | १३ | ६०२० | ३५७४ | ५९.३७ | ६५.९४ |
| वडा नं. ३ | २० | १५ | ४६५४ | ३३२३ | ७१.४० | ६९.८८ |
| वडा नं. ४ | ३० | २२ | ६००२ | ४०३६ | ६७.२५ | ७२.६२ |
| वडा नं. ५ | २९ | २० | ७३९७ | ५२३२ | ७०.७३ | ६५.३८ |
| वडा नं. ६ | ४४ | ३५ | ६७८७ | ५१२२ | ७५.४७ | ७५.११ |
| वडा नं. ७ | ३० | २९ | ७०२५ | ६२१३ | ८८.४४ | ९६.१० |
| वडा नं. ८ | २३ | १५ | ६६८९ | ४५४३ | ६७.९१ | ७८.६८ |
| वडा नं. ९ | २३ | १९ | ५२८१ | ४४७३ | ८४.७० | ८०.९८ |

## १३.आर्थिक विकास शाखा तर्फको समग्र स्थिति :

### क) कृषि शाखा

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | साना सिचाई आयोजना कार्यक्रमबाट वडा नं.२ देखी ९ सम्मका २१६ कृषक घरधुरी परिवार संख्यालाई कृषि मोटर वितरण । |
| २ | कृषिमा उत्पादकत्व वृद्धि गर्न वडा नं.१ देखी ९ सम्मका ३११ घरधुरी कृषकहरुको कृषि योग्य जमिनको Soil Test सम्पन्न । |
| ३ | कृषि रणनीति गुरु योजना सम्पन्न । |
| ४ | खाद्य सुरक्षा रणनीतिका लागी फियान नेपाल नामको संस्था सँग सम्झौता । |

### ख) पशु तथा पशुपंक्षी शाखा

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | वडा नं.१ देखी ९ सम्म ८७६५७ पशुपंक्षीहरुलाई मेडिकल उपचार,माईनर सर्जिकल र गाईनोक्लोजिकल उपचार भएको । |
| २ | ५८२५९ ठुला साना पशुहरुलाई स्वाईन फिवर, पि.पि.आर., खोरेत रेविज रोग विरुद्ध भ्याक्सिनेसन कार्यक्रम सम्पन्न । |
| ३ | साना किसान कृषि सहकारी संस्था लि.बाट ९ जना र श्री जनजागरण कृषि सहकारी संस्था लि.बाट १६ जना व्यवसायीक पशु पालक कृषकहरुलाई दुग्ध उत्पादनका लागी प्रति लि.रु.३ का दरले अनुदान रु.१,३४,७२३ वितरण । |
| ४ | वडा नं.१,२,४ र ७ मा १ दिने निशुल्क: पशु स्वास्थ्य शिविर सम्पन्न । |
| ५ | वडा नं.२,३,७ र ८ मा कुल ३४६० घरधुरी किसान सुचिकरण कार्यक्रम सम्पन्न । |

**ग) सहकारी तथा गै.स.स.समन्वय शाखा**

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | सहकारी संस्थाहरुका ४४ जना प्रतिनिधिहरुलाई ३ दिने कोपोमस तालिम तथा सहकारी ऐन नियमावली तालिम ३ दिने संचालन । |
| २ | ४२ जना सहकारी प्रतिनिधिहरुलाई ३ दिने सहकारी व्यवसायिक तालिम सम्पन्न । |
| ३ | ४२ जना सहकारी प्रतिनिधिहरुलाई ३ दिने वित्तीय साक्षरता तालिम सम्पन्न |

**घ) वन तथा वातावरण शाखा**

यस शाखाले जनतालाई वन र वातावरणको महत्व बुझाउने कार्य, जागरुकता फैलाउने र वन सम्बन्धी कानूनी व्यवस्था लागू गर्ने कार्य रहेका छ । चालु आ.व.मा यस शाखाबाट गा.पा.अन्तर्गत रहेका कुल २९ वटा सामुदायिक वन उपभोक्ता संस्थाहरुको सूचिकृत भएका ।

## १४.सामाजिक विकास शाखाको बार्षिक समग्र स्थिति :

**क.स्वास्थ्य शाखा**

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | राष्ट्रीय क्षय रोग सम्बन्धी कार्यक्रम अभिमुखीकरण तथा खोजपडताल वडा नं.१ र ८ मा सम्पन्न । |
| २ | गा.पा.पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम सम्पन्न भएको छ । |
| ३ | वडा नं.१ मा सिकलसेन सम्बन्धी स्कुनिङ्ग शिविर सञ्चालन गरी ४७५ जनाको HPLC जाँच सम्पन्न । |
| ४ | वडा नं.९ मा नसर्ने रोग सम्बन्धी स्वास्थ्य शिविर तथा अर्जुनवाण गणको सहकार्यमा बृहत स्वास्थ्य शिविर सम्पन्न । |

**संचालित एम्बुलेन्स सेवा विवरण देहाय बमोजि रहेको छ ।**

| कुल एम्बुलेन्स संख्या | सञ्चालित अस्पताल/स्वास्थ्य चौकी | लाभान्वित वडाहरु |
|---|---|---|
| १ | फत्तेपुर स्वास्थ्य चौकी, वडा नं.७ | ६ र ७ |
| १ | सर्पदंश उपचार केन्द्र, वडा नं.८ | २, ८ र ९ |
| १ | खासकुश्मा स्वास्थ्य चौकी वडा नं.१ | १ |
| १ | बैजापुर अस्पताल, वडा नं.४ | ३ र ४ |
| १ | बिनौना स्वास्थ्य चौकी, वडा नं.५ | ५ र ६ |
| **कुल एम्बुलेन्स संख्या ५** | | |

**ख.शिक्षा, युवा तथा खेलकूद विकास शाखा :**

माध्यमिक शिक्षा सम्मको कार्यक्षेत्र स्थानीय सरकारको काम कर्तव्य र अधिकारभित्र पर्ने हुँदा यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालय कुल ५४ वटा विद्यालय मध्ये ३४ वटा आधारभूत विद्यालय र २० वटा माध्यमिक विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी शिक्षा शाखाको रहेको छ ।

| सि.नं. | कार्यक्रमको नाम | कुल कार्यक्रम संख्या | सम्पन्न संख्या | बार्षिक बजेट | खर्च | वित्तिय % प्रगति | भौतिक % प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान संघ | ४२ | २६ | २८३,९०६।- | २५३,९७३।- | ८९.४६ | ५२.८१ |
| २ | गाउँपालिका (आन्तरिक श्रोत) | २१ | १३ | ७५,१८६।- | ५०,९६५।- | ६७.७९ | ४८.२९ |
| | **जम्मा** | **६३** | **३९** | **३५९,०९२।-** | **३०४,९३८।-** | **८४.९२** | **५०.५५** |

**ग.महिला तथा वालवालिका शाखा :**

क.अपागंता भएका व्यक्तिहरुका लागी ३० जनालाई सांकेतिक भाषा तालिम सम्पन्न ।

ख.दृष्टि विहिन अपागंता भएका २ जना व्यक्तिलाई मोबाईल वितरण ।

ग.३७२ जना महिला तथा किशोरिलाई हिंसा विरुद्ध प्रशिक्षक तलिम ।

घ.वडा नं.१ देखी ९ सम्मका ४८९ जना अपागंता भएका व्यक्तिलाई स्वास्थ्य सेवा प्रदान ।

ङ.नारी दिवसका अवसरमा ३५ जना महिलाहरुलाई सम्मान कार्यक्रम ।

च.२ जना अपागंता भएका व्यक्तिलाई शिक्षक सेवा तयारीका लागी सहयोग ।

छ..विपन्न तथा एकल महिला घरपरिवार भएका २० परिवारलाई महिला अधिकार दिवशको उपलक्षमा खाद्यान्न सहयोग

**१५.अन्य क्षेत्रहरु :**

**क.प्रधानमन्त्री रोजगार कार्यक्रम**

| कुल बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|
| ६९८३ | ६५५६ | ९३.८९ | ८१.४७ |

**ख.गरिवी निवारणका लागी लघु उद्यम विकास शाखा**

क.१० जना व्यक्तिहरुलाइ घरेलु कृषि औजार निर्माण सम्बन्धी तालिम वडा नं.३ मा सम्पन्न ।

ख.५ समूहलाई प्रविधि हस्तान्तरण वडा नं.३ मा सम्पन्न ।

ग.६० जना व्यक्तिहरुलाई दुना/टपरी बनाउने तालिम तथा प्रविधि हस्तान्तरण वडा नं.५ र ६ मा सम्पन्न ।

**ग.भूमि आयोग सेवा केन्द्र**

क. वडा नं.४ मा भएका सम्पूर्ण ऐलानी जग्गाको नापजाँच भै नक्सा समेत तयार भएको ।

ख.वडा नं.५ र ७ को सम्पूर्ण फाइलहरु Scan र Entry गरि निस्सा वितरण गरेको ।

## खण्ड (ग)

## परिच्छेद-तिन

## उपलब्धी तथा सुधार गर्नुपर्ने पक्षहरु

**१९. उपलब्धी एवम् महत्वपूर्ण कार्यहरु र सुधार पक्षहरु**

**क. उपलब्धीहरु**

१. आ.व.२०८०/०८१ मा १६० वटा योजना टोल विकास संस्थाहरुसँग योजनाहरु सम्झौता गरी फरफारक गरिएको छ । साथै १५ वटा ठेक्का पट्टा मार्फत सम्झौता भएको मध्ये १४ योजनाहरु सम्पन्न गरी फरफारक गरिएको छ । जसमध्ये १ वटा यस आ.व.को अन्त्य सम्म सम्पन्न हुँन नसकी आगामी आ.व.का लागी क्रमागत आयोजनामा समावेश गरिएको छ ।

२. नेपाल सरकारको आर्थिक बर्ष २०७७०७८ को नीति तथा कार्यक्रम अनुसार भूगोल र जनसंख्याको आधारमा ५ देखी १५ शैयाको अस्पताल निर्माणका लागी वडा नं.४ को आधारभूत स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल निर्माण गर्ने आवश्यक जग्गा निःशुल्क प्राप्त भै आ.व.२०७७/०७८ बाट ठेक्का सम्झौता बमोजिम निर्माण कार्य शुरु भएको र गतः आ.व.को अन्त्य सम्म करिव ९० प्रतिशत भवन निर्माण कार्य सम्पन्न ।

३. आ.व.२०८०।०८१ मा २० वटा कार्यविधि, २ वटा सहित कुल ६१ वटा कानून बनाईएको ।

४. अध्यक्ष र प्र.प्र.अ.र शाखा प्रमुखहरु बिच कार्य सम्पादन सम्झौता गरि कार्यालयको दैनिक कार्य संचालन गरिएको ।

५. न्यायिक समितिलाई चुस्तदुरुस्त एवम् प्रविधिमैत्री बनाउन न्यायिक मामिला व्यवस्थापनसम्बन्धी प्रणाली (Software) जडान गरी संचालनमा रहेको ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीका लागी ५५३ जना सुचिकृत भै ७६ जना लाभान्वित भएको ।

७. वडा नं.८ मा वर्थिङ्ग सेन्टर निर्माण सम्पन्न ।

८. कालोपत्रे बाटो ४८३६ मिटर बाटो ग्रावेल तथा स्तरोन्नति ८६७५ मिटर, बाटो पिसिसि ८३४ र नयाँ बाटो १८१२
मिटर निर्माण सम्पन्न ।

९. प्रदेश समपुरक अनुदान मार्फत ४, समपुरक संघ १, सडक सडक बोर्ड नेपाल ३, र गाउँपालिका संयुक्त लगानीमा ८ वटा सडक निर्माण सम्पन्न भएको र ३ गोटा क्रमागतमा रहेका छ ।

१०. प्रदेश विशेष अनुदान अन्तर्गत १ वटा आयोजना निर्माण सम्पन्न ।

११. विद्यालयहरुको शौचालय निर्माण, मर्मत, खानेपानी व्यवस्थाप, जिप्सन र प्लाईउड जडान कक्षा कोठा मर्मत सम्भारका लागी निर्माण व्यवसायीसँग २२ वटा विद्यालयको सम्झौता भएकोमा २१ वटा विद्यालयको काम सम्पन्न ।

१२. गाउँपालिकाको विकास, सम्बृद्धि, प्रभावकारी सेवा प्रवाह र सुशासन व्यवस्थापनका लागी जनप्रतिनिधि र कर्मचारीलाई एकै टिमको रुपमा महसुस गरी काममा अगाडी बढ्नु ।

१३. कार्यालय तथा वडाहरुमा दरबन्दी अनुसार कर्मचारीको स्थायी पदपूर्ति गरी सेवा प्रवाह गर्न सक्नु र भएका जनशक्तिको Right man in right place गर्न सक्नु ।

१४. समयमा योजना सम्पन्न गराई फरफारक गराउनु र तालुक मन्त्रालयहरुमा प्रगति विवरण पठाउनु ।

१५. नदीजन्य पदार्थको समयमा ठेक्का लाग्नु र सो को आन्तरीक राजश्व तोकिएको समयमा उठाउनु ।

१६. गतः विगत आ.व.मा ठेक्का सम्झौता भएको विकास निर्माणका कामहरु कार्यान्वयमा लैजानु ।

१७. टोल विकास संस्थाहरुबाट विकास निर्माणका कामहरु सम्पन्न गराउनु ।

१८. विद्यालयको भौतिक संरचना सुधार गर्नु ।

१९. समसामयिक रुपमा विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दै जानु ।

२०. उपभोक्ता हित संरक्षणका लागी समय समयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनु ।

२१. आन्तरीक राजश्वमा उद्योग व्यवसाय करको हिस्सा बढाउनु ।

२२. गाउँपालिका तथा अन्य निकायबाट दिईएको सिप विकास सम्बन्धी तालिमको यथोचित अनुगमन गर्ने तथा प्रभावकारीता अध्ययन गर्नु ।

२३. संघीय तथा प्रदेश सरकारका कार्यक्रमका रुपमा रहेका गाउँपालिका भरी छरिएर रहेका खानेपानी आयोजनाहरुलाई एकीकृत गरी समयमा सम्पन्न गराउनु ।

२५. गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई उत्पादन, विकास र पूँजी निर्माणमा लगाउनु ।

२६. गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई गाउँपालिकाको विकास र सम्बर्द्धनको लागी सहयोगी बनाउनु ।

२७. गाउँपालिकाको समग्र विकासमा हातेमालो गर्ने ग्रैह सरकारी संस्थाहरुलाई कार्य वातावरण तयार गर्नु ।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विकास र जनताको आय आर्जनको प्रयायका रुपमा सञ्चालन गर्नु ।

२९. गाउँपालिकाको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्नु ।

**ख. गाउँपालिका टिमले महसुस गरेका समस्याहरु**

१. जनताको असीमित आवश्यकता र चाहनालाई सम्बोधन गर्ने स्रोतमा सीमितता रहनु ।

२. शिक्षा क्षेत्रको बजेटको ठुलो हिस्सा पालिका अनुदानका शिक्षक शिक्षिकाको तलबमा खर्च हुनु ।

३. भुगोल र जनसंख्याको हिसाबले देशकै ठुलो गाउँपालिकाका लागी स्वास्थ्य तर्फ निशुल्क औषधिका लागी संघीय अनुदान अन्यन्त न्यून हुनु ।

४. आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागी हालसम्म दरबन्दी स्वीकृत हुँन नसक्नु ।

५. नसर्ने तथा जटिल प्रकारका रोगका लागी गाउँपालिकाको आर्थिक सहायता अनुदान रकम कम हुदै गएको ।

६. लक्षित वर्ग, जेष्ठ नागरिक, असहाय वालवालिका, एकल महिला, सडक मावन, अपागंता भएका व्यक्ति तथा द्वन्द्ध पिडितकाको विकास र व्यवस्थापका लागी बजेट अप्रयाप्त रहनु ।

७. कृषि क्षेत्रमा गरेको लगानी अनुसारको नतिजा प्राप्त नहुँनु ।

८. सिक्टा सिचाईको आधार क्षेत्र हुँदा पनि किसानलाई सिचाई सुविधा समायमा पुर्‍याउनु ।

९. विपद्, उद्धार, राहत र पुर्नस्थापना खर्च बर्षेनी बढ्दै जानु ।

**ग.आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरु**

१.आवश्यक कानूनको निर्माण, विकास निर्माणका कार्यहरुलाई प्रचलित संघ तथा गाउँपालिकाको ऐन कानून तथा नियमावलीको समेत अध्ययन गर्दै अगाडि बढाउन पर्ने ।

२.समयमा बजेट तथा कार्यक्रम निर्माण गर्नु पर्ने ।

३.कार्ययोजना निर्माण, कार्ययोजना बनाई प्रत्येक शाखा प्रमुखको जिम्मेवारी तोकी कार्य सम्पादन सम्झौता मार्फत प्रोत्साहनको व्यवस्था मिलाई कार्य सम्पादनलाई चुस्त दुरुस्त रुपमा अगाडि बढाउन पर्ने ।

४.श्रातेको परिचालन प्रभावकारी बनाउनु पर्ने

५.प्रस्ताव, डिजाइन तथा इस्टिमेट र कार्य सम्झौता गरी मात्र काम गर्नु पर्ने

६.नियमित अनुगमन, सुपरिवेक्षण र निर्देशन गर्नु पर्ने

७.संघ प्रदेश र अन्य सरोकारवाला निकायसँग नियमित समन्व्य ।

८.आर्थिक कारोवारलाई भुक्तानी कै प्रकृया बाट चुस्त दुरुस्त बनाई आलेप , मलेप लाई सहज बनाई बेरुजु शुन्य गाउँपालिकाको रुपमा नाम स्थापित गर्न पहल गर्नु पर्ने ।

९.गाउँपालिका अन्तर्गतका जनप्रतिनिधीहरु, बिभिन्न शाखाहरु र वडाहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिबृद्धि, टिम बिल्डिंग सम्बन्धी तालिम का अवशरहरु उपलब्ध गराई जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिबृद्धिलाई नियमित अभ्यासको रुपमा लैजानु पर्ने ।

सामाजिक परिक्षकको दस्तखत :

सामाजिक परिक्षकको नाम : शिवलाल पाण्डे

संस्थाको नाम : उत्पीडित सामुदायिक विकास केन्द्र

कोहलपुर-११, बाँके

## अनुसूचीहरु :

पालिका स्तरीय बृहत छलफल तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रमको झलक














आ.व. २०८०/०८१ को सामाजिक परिक्षण कार्यक्रमको
प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रम











## क.पूर्वाधार विकास तर्फका योजना तथा कार्यक्रमको फोटो

१. नन्कउपुर देखि सोनारी कृषि सडक निर्माण योजना, राप्ती सोनारी वडा नं.७,नन्कउपुर, बाँके








**२.आयोजनाको नाम :** बिर बहादुर पुनको घर-सिद्देश्वर पछाडि-ओमराजको घरसम्म पक्की नाली निर्माण योजना, राप्ती सोनारी वडा नं.६,मोहनपुर,बाँके





**३. आयोजनाको नाम :** जनजागृति स्कुल देखि सन्तोष चौधरीको घर हुँदै सरस्वती मा.वि.सम्म कालोपत्रे राप्ती सोनारी नं.३, बाँके

**योजनाको फोटो**







## ख.सामाजिक विकास तर्फ

**१.आयोजनाको नामः** बर्थिङ सेन्टर निमार्ण वडा नं.८



२.आयोजनाको नामः लक्ष्मी मा.वि होस्टेल निमार्ण वडा नं.२

**राप्ती सोनारी २ कचनापुर स्थित लक्ष्मी मा.वि.मा रहेको होस्टेल**






## ग.आर्थिक विकास तर्फ

**१.आयोजनाको नाम :** वडा नं.१ को विभिन्न स्थानमा सिंचाइ बोरिङ निमार्ण जम्मा रकम रु.६८ लाख





**२.आयोजनाको नाम र स्थान** : शित भण्डार निर्माण आयोजना, राप्तीसोनारी वडा नं. ४ (क्रमागत)

- रकम विनियोजन गरिएको । तथा अन्य वडागत रुपमा वितरण संख्या १ सय ३६ पुगेको ।



राप्ती सोनारी वडा नं.०४ मा निर्माणधिन शीत भण्डार

## घ.वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

**योजनाको नाम :** विपत व्यवस्थापन तर्फ राहत सहयोग कार्यक्रम ।योजनाको कुल बजेट रकम रु.५० लाख

विभिन्न वडाका पिडित परिवारलाई राहत सहयोग वितरणको नेतृत्व गर्दै उपाध्यक्ष श्री मनिसा सिंह थारुज्यू









